बुटवल पब्लिकेशन प्रा. लि. बुटवल रुपन्देही

## सम्पादकीय

### आज विश्व पानी दिवस

# प्राकृतिक श्रोतको संरक्षणमा पहल गरौं

आज विश्व पानी दिवस। पानीको उपयोग शान्तिका लागि भन्ने नाराका साथ विश्व पानी दिवस नेपालमा पनि मनाईने कार्यक्रम छ। त्यसो त संयुक्त राष्ट्रसंघले हरेक वर्ष मार्च २२ को दिनलाई हरेक बर्ष अलग अलग नारा दिएर अन्तर्राष्ट्रिय पानी दिवस मनाउँदै आएको छ। दिवस मनाउँदै गर्दा विश्व पानीको अभावमा संकटमा पर्दै गएको छ। नेपालमै पनि हरेक बर्ष पानी अभावमा समस्या बढ्दै गएको छ। पानीका श्रोत र मुहानहरू सुक्दै गएका छन जसका कारण ठूला नदीहरू समेत संकटमा पर्दै गएका छन। जलवायु परिवर्तनका कारण हिमाल पग्लिन थालेको छ। गर्मी हरेक वर्ष बढ्दै गएको छ जसका कारण त्यसको असर नेपालको पानी अथवा प्राकृतिक श्रोतमा परिरहेको छ। नेपालमा करिव ६ हजार (साना ठूला) नदीहरू छन। ती नदीहरू मुस्किलले आधामा मात्र पानी बग्छ। पहिले नेपाललाई ८३ हजार मेगावाट विद्युत् उत्पादन गर्न सक्ने जलश्रोतको भण्डार भएको देश भनिन्थ्यो। विस्तारै यो शब्द अहिले सुनिन छाडेको छ। नारायणी, कोशी, गण्डकी, कर्णाली जस्ता ठूला नदीको जलप्रवाह पनि घट्दै गएको वातावरणवीदहरूले उल्लेख गरेका छन। प्राकृतिक श्रोतको उचित संरक्षण, सुधार र ती श्रोतबाट उत्पादित वस्तु, पदार्थ र प्राप्त सेवाले स्थानीय क्षेत्रको विकासमा महत्वपूर्ण योगदान पुग्छ तर श्रोतको सदुपयोग ठिक ढंगले हुन सकेको छैन। प्राकृतिक श्रोतको अवैज्ञानिक र अव्यवस्थित दोहन बढेको छ। जसको असर नेपालको जलवायु क्षेत्रमा परिरहेको छ। जसका कारण अनेकखाले समस्या देखापर्दैछन। पानीमात्र होइन वन जंगल र जडिवुटी लगायतका अपार संभावना भएका क्षेत्रको पहिचान र विकास गर्न नसकेको अवस्था अहिलेको यथार्थ हो। यसैगरी फलफूलको खानी पहाडी क्षेत्र र हिमाली जडीबुटीको व्यवसायीकरणको व्यवस्थापनमा समेत जटिलता छ। यी सवैको व्यवस्थापन र विकास हुन सके निश्चित रूपमा नेपालले केही उपलब्धि हासिल गर्न सक्छ। तर, विडम्वना यी सवैका लागि आवश्यक पानीको प्राकृतिक श्रोत नै सुक्दै गएका छन। पानी दिवसको यो अवसरमा पानीको लाागि प्राकृतिक श्रोतको संरक्षण जरुरी छ। त्यसका लागि वन जंगलको संरक्षण उत्तिकै आवश्यक छ। अर्को चिन्ताको कुरा के छ भने पानीको संरक्षणको विषयमा ठूला देशहरूले चासो र चिन्ता गर्नै छाडेका छन। यही अवस्था रहे विश्वका लागि पानी मूख्य चुनौति बन्ने अवस्था छ। विश्व पानी दिवसकै सन्दर्भमा राष्ट्रपति रामचन्द्र पौडेलले भविष्यमा आउन सक्ने संकटलाई दृष्टिगत गर्दै भूमिगत पानीको स्रोतमा कमी हुन नदिन जलाधार क्षेत्र र गाउँ-गाउँमा रहेका आहाल, पोखरी, ताल तलैयाहरूको संरक्षण गर्न जरुरी रहेको बताउनु भएको छ। राष्ट्रपतिले भनेजस्तै सहरी क्षेत्रमा वर्षातको पानीमार्फत भूमिगत पानीको स्रोत बढाउन पूर्वाधार निर्माण गर्दा सम्बद्ध सबै पक्षले ध्यान दिन जरुरी रहेको छ। पानीको संरक्षण गर्ने हो भने देशका विभिन्न स्थानमा पोखरीहरू निर्माण गरी आकाशेपानी संकलन गर्ने र पानीका स्रोतहरूको संरक्षण गर्नेतर्फ ध्यान दिनु जरुरी छ।

अहिलेको विश्वले त्यसैपनि जनसंख्या बृद्धि र बढ्दो सहरीकरण तथा भौतिक पूर्वाधार निर्माणको तीब्रतातर्फ ठूलो चुनौतिको सामना गर्नुपरिरहेको छ। वनजङ्गल तथा प्रकृति विनाशका कारण पानीका स्रोतहरू नष्ट भइरहेको छ। अव्यवस्थित बस्ती र बढ्दो औद्योगिकीकरणका कारणले जमिनमुनिको पानीसमेत प्रदूषित हुँदै गएको छ। जसका कारण प्राणी जगतका लागि प्रकृतिले दिएको वरदान पानीका स्रोतको संरक्षण गर्नु आजको दिनमा मानव सभ्यताका लागि चुनौती बनेको छ। अव पानीको स्रोत संरक्षण गर्दै पर्यावरणको सन्तुलनमा ध्यान नदिने हो भने एकदिन विश्वले पानीकै लागि ठूलो संघर्ष गर्नुपर्ने अवस्था आउन सक्छ। तसर्थ दिवसकै अवसरमा नेपालले समेत भोलिको काकाकुलको अवस्थाबाट मुक्तिका लागि अहिलेदेखि नै पानी संरक्षणतर्फ पहल गर्नैपर्दछ।

## अपाङ्गता...

अपाङ्गता भई आफै खानाखान नसक्ने, शौच तथा ब्यक्तिगत सरसफाईको लागि सुसारे तथा संरक्षक नभै नहुने र व्यक्तिगत सरसफाई समेत गर्न नसक्नेहरूको हकमा उक्त निर्णय गरेको नगर प्रमुख खरेलले बताए। नगरपालिकाले अपाङ्गता भएकाहरू मध्यबाट अति अशक्त प्रकारका अपाङ्गता भएकालाई नयाँ कार्यबिधी बनाएर उनीहरूको साथमा स्थानीय सरकार पनि अभिभावक छ भन्ने प्रत्याभूति दिलाउनको लागि यस्तो खालको निर्णय गरिएको नगरपालिका उपप्रमुख गंगा कुमारी श्रेठले बताईन। उनले नगरपालिकाले नगरमा अपाङ्गता भएकाहरूलाई सीप मूलक कार्यक्रम सञ्चालन गरेर उनीहरूको जीविकोपार्जनमा थप सहयोग पुराउने योजना बनाएको बताईन। मुसिकोट नगरपालिका भित्र हाल क वर्गका ९५ ख वर्गका १८७ ग वर्गका ९३ र घ वर्गका ६९ गरि ४ सय ४४ जना अपाङ्गता भएका व्यक्तिहरू रहेका छन।

## महिलाको...

पहाडका खोंचहरू, पानीका स्रोतहरू र खोल्सीहरूमा छेपारा, सर्प लगायतअन्य किरा फट्याङग्राहरू प्रशस्तै पाइने हुनाले यो ठाउँ मयूरको रोजाइको क्षेत्र वन्न गरेको वताईन्छ।

**वन्यजन्तु मानिस बीच भने द्वन्द्व**

आहाराका लागि खेत, बारी र घरगोठमा बिहान बेलुका मयुर आउने गर्दछन्। तोरी, भिलङ्गे, गहुँ,सागपात, खुर्सानी, धान, चना, केराउ लगायतका बाली मयूरले मन पराउने हुनाले त्यस्ता बालीको क्षति धेरै नै हुने गरेको अध्यक्ष विकको भनाई छ। मयुर बढ्दै जाँदा मान्छेले लगाएको अन्नवालीखाई दिदा मान्छे र मयुर वीचविस्तारै द्वन्द्व पनि वढ्न थालेको भान हुने गर्छ अध्यक्ष विकले भनिन।

मयूर र मान्छेको द्वन्द्व व्यवस्थापनका लागी यसै वर्ष देखी केही कामको सुरुवात पनि गरिएको छ। बालीनालीको नोक्सानीबापत राहतलगायत कृषिबाली विविधीकरणमा दिर्घकालिन सहयोगका लागि सामुदायिक वन उपभोक्ता समूहको नाममा अक्षय कोष समेत स्थापना गरिएको छ। अक्षय कोषका लागि केही वर्ष अघि डिभिजन वनकार्यालय रोल्पाले तीन लाख वजेट समेत उपलब्ध गराएको थियो। कोषबाट आउने वार्षिक ब्याजले उन्नत बिऊ वितरण, मयूरले मन नपराउने बालीको विकास, मयूरले मन पराउने सागपात र गेडागुडी वन क्षेत्रमा रहेका खाली ठाउँहरूमा लगाउने र क्षतिपूर्तिको अन्य उपायहरू गर्ने लगायतका कार्यहरू गर्न सहयोग पुग्ने अपेक्षा गरेको डिभिजन वन कार्यालय रोल्पाको भनाइ छ।

सो सामुदायिकवनमा डिभिजन वनकार्यालय रोल्पाले सामुदायिक वन नजिकका विद्यालयहरूमा संरक्षण शिक्षा कार्यक्रम र मयूर अवलोकनका लागी काठबाट निर्मित भ्युटावर निर्माणमा सहयोग गरेको छ। मयूरलाई पानी पिउन सहजहोस भनेर समूहले वन क्षेत्र नजिक पोखरी पनि निर्माण गरेको बताएको छ। मयूर पर्यटनको थप विकास र प्रवर्द्धनका लागि प्रचार-प्रसारका कार्यहरू पनि गर्दै आएको स्थानीय उपभोक्ताहरूको भनाइ छ। विगत केही वर्ष देखिचरा अबलोकन गर्न रुचाउने व्यक्तीहरू र अनुसन्धानकर्ताहरू मयुर सामुदायिक वनको भ्रमणमा आउन थालेको स्थानीयहरू बताउँछन्। रोल्पाको लिवाङ, सुलिचौर, खुंग्री र प्यूठानको भिंग्री लगायतका ठाँउहरूबाट विद्यालयको शैक्षिक भ्रमणमा विद्यार्थी, शिक्षक तथा अन्य क्षेत्रबाट युवायुवतीहरू आउने गरेको मयुर सामुदायिक वन उपभोक्ता समुहको भनाइ छ।

आयश्रोतको अभावले समूहलाई सोचे अनुसार मयूर पर्यटनको रूपमा विकास गर्न नसकिएको समूहको भनाई छ। ५ वर्षे योजनावनाई काम अघि वढे पनि अपेक्षाकृत सफलता हाँसिल नभएको समूहका अध्यक्ष विकको भनाई छ। आगामी दिनमा प्रचारप्रसारलाई जोड दिने, वसाई व्यवस्थापन गर्ने लगायतका काममा जोड दिन्छौं अध्यक्ष विकले भनिन। हेर्दा आकर्षक र सुन्दर देखिने मयूरको प्वाखधार्मिक उपचार विधिमा प्रयोग गरिन्छ। घर सजावटका साथै घर तथा मन्दिरलाई शुद्ध र चोखो राख्न पनि यसको प्वाँख प्रयोग गर्ने धार्मिक विश्वास तथाप्रचलन रहेको छ। हिन्दु धर्मात्मालम्वीहरू मयूरलाई पवित्र पंक्षीको रूपमा मान्दछन।


## बिमालेख हराएको सूचना

मेरो निम्न व्यहोरा भएको साविक गुँरास लाईफ इन्स्योरेन्स क. लि. हाल हिमालयन लाईफ इन्स्योरेन्स लि. द्वारा जारी रहेको बिमालेख मिति २०८०/१०/२५ गते भैरहवा देखि बुटवल तर्फ आउने क्रममा हराएको हुँदा फेला पर्नुहुने महानुभावले नजिकैको प्रहरी कार्यालय, ईन्स्योरेन्स कम्पनीको कार्यालय वा निम्न ठेगानामा बुझाई सहयोग गरिदिनुहुन अनुरोध गर्दछु।

**नाम**: विकल क्षेत्री

**विमालेख नं.**: GLIGRP0000019

**ठेगाना**: सिद्धार्थनगर-५, रुपन्देही

**सम्पर्क**: ९८५७०२४८३८

## श्री महेन्द्रनगर माध्यमिक विद्यालय

**गैडहवा गाउँपालिका-९, धुसुवा, रूपन्देही**

### शिक्षक आवश्यकता

**सूचना प्रकाशित मितिः २०८०।१२।०९**

प्रस्तुत विषयमा यस श्री महेन्द्रनगर माध्यमिक विद्यालय, गैडहवा-९, रूपन्देहीको वि. व्य. स. को मिति २०८०।१२।०८ गतेको निर्णय अनुसार तपसिल अनुसारको शिक्षक आवश्यक परेकोले ईच्छुक नेपाली नागरिकहरूबाट दरखास्त आव्हान गरिन्छ।

**तपसिल**

| वि. नं. | पद | संख्या | तह | किसिम | शैक्षिक योग्यता | तलव स्केल |
|---|---|---|---|---|---|---|
| ०२।२०८०।१८१ | गणित शिक्षक | १ | मा. वि. | शिक्षण सिकाई अनुदान | गणित मूल विषय लिई स्नातक तह वा सो सरह उत्तीर्ण | नियमानुसार |

१. **आवश्यक कागजातहरू :**
क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि १ थान।
ख) शैक्षिक योग्यताका प्रमाणपत्रहरूको प्रमाणित प्रतिलिपि १ थान।
ग) अध्यापन अनुमतिपत्रको प्रमाणित प्रतिलिपि १ थान।
घ) हस्तलिखित निवेदन।
२) आवेदन दस्तुर रु.२०००।
३) **आवेदन दिने मितिः** २०८०।१२।०९ देखि २०८०।१२।२३ गतेसम्म कार्यालय समयभित्र
४) **परीक्षाको किसिम** : लिखित तथा मौखिक।
५) **सम्पर्क मिति** : २०८०।१२।२५
६) **परीक्षा मितिः** सम्पर्क मितिको दिन तोकिनेछ।

**थप जानकारीका लागि सम्पर्क नंः** प्र. अ. ९८४७१४५७४४, ९७०४५४५४०६, स. प ९८६७४४०१३६

**प्रधानाध्यापक**

## Sammarimai Rural Municipality
## Office of the Rural Municipal Executive
**Farena, Rupandehi**
**Lumbini Province, Nepal**

### Invitation for Online Bids

**Date of publication: 22nd March 2024 (09th Chaitra 2080)**

1. Sammarimai Rural Municipality, Rupandehi invites electronic bids from eligible bidders for following works under Single Stage Single-Envelope. Bidding is open to all eligible as per Section V of bidding document.

| S N | Name of work | Contract ID | Estimated Amount (Excluding Vat and Ps.) | Fee of Bid Doc. (NRs.) | Bid Validity Period | Bid Security Amount (NRs) | Bid Security Validity Period (days) |
|---|---|---|---|---|---|---|---|
| 1 | Khop tatha Gau Ghar Clinic Bhawan Nirman at ward no.1, 3, 4 | 08/SRM/ NCB/080-081 | 4839989.90 | 3000.00 | 90 days | 143000.00 | 120 days |

2. Submission and Opening:

| Submission of Bid | | Opening of Bid | | |
|---|---|---|---|---|
| Date | Time | Date | Time | Bidders download the bidding document and submit their bids electronically through e-procurement section of PPMO's website www.bolpatra.gov.np/egp. Bidders should deposit the equivalent fee for bidding document in the following Revenue Account within the date and time specified. |
| 21st April 2024 | 12:00 hrs | 21st April 2024 | 13:00 hrs | |

3. RevenueAccount Details:

| Account Holder's Name | Bank Name | Bank Address | Revenue Account Number |
|---|---|---|---|
| Sammarimai Rajaswa Khata | Nabil Bank Ltd. | Sammarimai | 07101017500403 |

4. Pre-bid meeting shall be held at the office on 01st April, 2024 at 02:00 PM.
5. Bidder may submit modification or withdrawal prior to the deadline prescribed for submission of bid through e-GP system by using forms and instruction provided by the system. Once a bid is withdrawn, bidder will not able to submit another bid response for the same bid.
6. Evaluation and Qualification Criteria: Firm Registration Certificate, Business Registration Certificate (License), VAT and PAN Registration certificate, Tax clearances certificate for the F/Y 2079/080 and all other document specified on Bid Document.
7. The purchaser reserves the right to accept or reject, wholly or partly any or all the procurement of works without assigning any reason, whatsoever. Other Procurement process remains as per rule of PPA 2063 and PPR 2064.

**Chief Administrative Officer**

## सुनवल नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
**सुनवल, नवलपरासी**
**लुम्बिनी प्रदेश, नेपाल**

### नदीजन्य पदार्थको लिलाम बिक्रीका लागि शिलबन्दी दरभाउ आव्हान सम्बन्धी सूचना!

**(प्रथम पटक प्रकाशित मितिः २०८०/१२/०८)**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १०८ र विभिन्न मितिमा मुचुल्का गरी जफत गरिएका तपसिल बमोजिमका अवैध रूपमा भेटिएका नदीजन्य पदार्थ जुन स्थानमा जे जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गर्ने यस सुनवल नगरपालिका नगर कार्यपालिकाको नदीजन्य पदार्थ अनुगमन समितिको मिति २०८०/१२/०४ को निर्णय बमोजिम लिलाम विक्री गर्नुपर्ने भएकोले ईच्छुक फर्म वा कम्पनीहरूले फर्मको नवीकरण भएको प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०७९/०८० को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपीहरू संलग्न गरी तपसिल बमोजिमका शर्तहरूको अधीनमा रही १५ (पन्ध्र) दिनभित्र शिलबन्दी प्रकृयामा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

**तपशिल**

| क्र. सं. | शिलबन्दी नं. | शिलबन्दीको नाम | जम्मा परीणाम (घ.मि.) | न्यूनतम शिलबन्दी रकम (मू.अ. कर बाहेक) |
|---|---|---|---|---|
| १ | ठेक्का नं. ३२ | नदीजन्य पदार्थ (ढुङ्गा र मिस्कट) सुनवल-११, जर्गाहा पुल छेउ | ६४४.८५ | ४,०१,७१०.१५१/- |
| २ | ठेक्का नं. ३३ | नदीजन्य पदार्थ (ढुङ्गा र मिस्कट) सुनवल-११, पानभार खोला किनार | ४८३ | ३,००,८८५.४८२/- |

- नदीजन्य पदार्थको न्यूनतम रोयल्टी दर प्रति घनफिट रू. १७.६४ (मू.अ.कर बाहेक) निर्धारण गरिएको छ।
- उल्लेखित न्यूनतम शिलबन्दी रकममा १३% मू.अ.कर र १.५% अग्रिम आयकर लाग्नेछ।
- १ घनमिटर बराबर ३५.३१४७ घनफुट।

अन्य शर्तहरुका लागि सुनवल नगरपालिकाको आधिकारिक वेबसाइट www.sunwalmun.gov.np मा हेर्नुहुन अनुरोध छ।

**प्रमुख प्रशासकीय अधिकृत**

## सुनवल नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
**सुनवल, नवलपरासी**
**लुम्बिनी प्रदेश, नेपाल**

### नदीजन्य पदार्थको लिलाम बिक्रीका लागि शिलबन्दी दरभाउ आव्हान सम्बन्धी सूचना !

**(प्रथम पटक प्रकाशित मितिः २०८०/१२/०८)**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १०८ र विभिन्न मितिमा मुचुल्का गरी जफत गरिएका तपसिल बमोजिमका अवैध रूपमा भेटिएका नदीजन्य पदार्थ जुन स्थानमा जे जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गर्ने यस सुनवल नगरपालिका नगर कार्यपालिकाको नदीजन्य पदार्थ अनुगमन समितिको मिति २०८०/१२/०४ को निर्णय बमोजिम लिलाम विक्री गर्नुपर्ने भएकोले ईच्छुक फर्म वा कम्पनीहरूले फर्मको नवीकरण भएको प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०७९/०८० को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपीहरू संलग्न गरी तपसिल बमोजिमका शर्तहरूको अधीनमा रही ७ (सात) दिनभित्र शिलबन्दी प्रकृयामा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

**तपशिल**

| क्र. सं. | शिलबन्दी नं. | शिलबन्दीको नाम | जम्मा परीणाम (घ.मि.) | न्यूनतम शिलबन्दी रकम (मू.अ. कर बाहेक) | कैफियत |
|---|---|---|---|---|---|
| १ | ठेक्का नं. ३१ | नदीजन्य पदार्थ (बालुवा) सुनवल-४, हडाहा खाला | २०० | १,२४,५९०.२६/- | |

- नदीजन्य पदार्थको न्यूनतम रोयल्टी दर प्रति घनफिट रू. १७.६४ (मू.अ.कर बाहेक) निर्धारण गरिएको छ।
- उल्लेखित न्यूनतम शिलबन्दी रकममा १३% मू.अ.कर र १.५% अग्रिम आयकर लाग्नेछ।
- १ घनमिटर बराबर ३५.३१४७ घनफुट।

**थप जानकरीका लागिः** सुनवल नगरपालिकाको वेभसाईटमा राखिएको छ।

अन्य शर्तहरुका लागि सुनवल नगरपालिकाको आधिकारिक वेबसाइट www.sunwalmun.gov.np मा हेर्नुहुन अनुरोध छ।

**प्रमुख प्रशासकीय अधिकृत**

## Kapilvastu Municipality
## Office of Municipal Executive
**Taulihawa, Kapilvastu**
**Lumbini, Province**

### Invitation for online Bids

**Date of Publication: 22nd March,2024 (9th Chaitra,2080)**

The Kapilvastu Municipality, Office of the Municipal Executive, Taulihawa,Kapilvastu invites online Sealed Quotation under e-procurement system in the www.bolpatra.gov.np from eligible bidders for the procurement of the following items. The bidders can visit the PPMO website for the brief description with Public entity name: **Kapilvastu Municipality, Office of Municipal Executive.**

| S. N. | IFB NO. | Name of Projects | Estimated Amount (Exclusive VAT) (NRs.) | Bid Security (NRs.) | Account No. for Cash Security | Bid Doc fee | Account No. for Bid Doc Fee | Final Bid Submission Date&Time |
|---|---|---|---|---|---|---|---|---|
| 1 | KM/080/081-21 | Purchasing and Supplying of Paints | 13,71,237.00 | 40,000.00 | RastriyaBanijyaBank,TaulihawaBarnch Sthaniya Taha Dharauti Khata No.3110100303000002 | 1000.00 | Rastriya Banijya Bank,Taulihawa Barnchh Aantarik Rajaswa Khata No.:3110100301010002 Office Code :8010549015 or Cash receipt from Rajaswa Sakha of KMNP | 7th April, 2024 (25th Chaitra,2080) 12:00 |
| 1 | KM/080/081-21 | Purchasing and Supplying of Medicines | 17,81,331.90 | 50,000.00 | | | | |

**Chief Administrative Officer**